## परिचय (INTRODUCTION)

***यो के हो?*** (What is it?) "समर"पढाई विद्यार्थीहरुको लागि यस्तो अवसर हो जस्मा उनिहरुले आफुहरुलाई पढ्न मन लागेको किताब छनौट गर्न र किताबसंग कसरी संलग्न हुने भन्ने निर्णय गर्न पाउँछन् ।

***"समर चिप्लेटी"बाट टाढै रहौं*** (Avoid the "Summer Slide") अनुसन्धानले देखाए बमोजिम समरमा नपढ्ने विद्यार्थीहरुमा अघिल्लो शैक्षिक वर्षमा हासिल गरेको केही सिकाई क्षमताहरु ह्रास हुन सक्छ ।



## परिवारको लागि जानकारी (NOTE TO FAMILIES)

समर पढाई तपाईंहरुको बच्चालाई जीवनभरको लागि रुची विकास गर्ने एक अवसर हो । यस्ले बच्चाको अघिल्लो शैक्षिक वर्षको मेहनतलाई साथ दिंदै बलियो बनाउँछ र बच्चालाई "फल सिजन"मा सुरु हुने शैक्षिक वर्षको सफलताको लागि तयार गराउँछ !

**सुरु हुँदै** (Getting Started): तपाईंको बच्चासंग समर पढाईको महत्व बारे कुराकानी गर्नुहोस् ।

- तपाईंका बच्चालाई धेरै मन पर्ने किताबहरु छनौट गर्न अवसरहरु प्रदान गर्नुहोस् ।
- निश्चित् पढ्ने समय तालिका लगातार बनाई रहनुहोस् ।
- पढने समय तालिकाको अभिलेख राख्नुहोस ।
- तपाईंको बच्चाले के पढ्दैछ, कस्तो गर्दैछ भनेर सोध्नुहोस !
- पढाइसंग सम्बन्धित अन्य कृयाकलाप पुरा गर्न बच्चालाई टेवा दिनुहोस् ।

**श्रोतहरु** (Resources): अतिरिक्त किताब सुझाव, अभिभावक मार्गानिर्देशन्, भिडियो, विद्यार्थी पढाई समय तालिका तथा अन्य जानकारीको लागि निम्न वेबसाईटमा गै जानकारी प्राप्त गर्नुहोस् :

वुस्टर सार्वजनिक पुस्तकालय समर रिडिङ्ग: http://tinyurl.com/j8om7b2

- अनलाईनमा छैन? वुस्टर पब्लिक लाईब्रेरीमा जानुहोस्! (Head to the Worcester Public Library!)

***पढ्नु तपाईंको दिनको सबैभन्दा महत्वपूर्ण २० मिनेटको समय हो*** ! Reading is the most important 20 MINUTES of your day!

### *निम्नलिखित् केही सानदार लेखकहरुको किताबहरु हेर्नुहोस्*!
Check out books by some of these fantastic authors!

**सूचनामुलक किताब** : अलिकी कोल, जोएना डिआलेर, ईन्ग्रि एण्ड एजर फिट्ज, जिन गिब्बन, गेल हेलर, रुथ लिडी, लोरिन माएस्त्रो, बेट्सी मकले, डेभिड मेक्गभर्न एन पिन्कने, एन्ड्रिया प्रिन्गल, लरेन्ज सिमन ।

**दन्त्यकथा**, परिको कथा र पौराणिक कथा: भर्ना अर्डेमा, एसप, ज्यान ब्रेट, सर्ली क्लिमो, डेमी गिबन्स, गेल जाफि, निना केलग, स्टिभन किमेल, एरिक मार्टिन, र्या स्यान सोकी, रबर्ट सिएरा, जुडी यङ्ग ।

**वास्तविक काल्पनिक:** जेफ किनी, बार्बरा पार्क

**विज्ञान काल्पनिक** : ब्रुसकोभिल, मार्क किले, रोआल्ड डाल, जेम्स होवी, डिक किङ्ग-स्मिथ, एलिजाबेथ लेभी, मेरी असबर्न, बिल पिट, ड्यानियल पिन्कवाटर, जे.के. रोलिङ्ग, सिन्थिया राईलेन्ट, एरिक स्यान्भोसिन, ज्यान सिज्का, जोर्ज सेल्डेन, विलियम स्टाइग, आर.एल. स्टाइन, सि.भ्यान आल्सबर्ग, ई.बी. ह्वाईट ।

**ऐतिहासिक काल्पनिक** : ईभ बन्टिङ्ग, एलेनोर कोएर, बार्बरा कोहेन, बार्बरा कुनी, न्याटली किन्से वारनक, क्याथरिन लास्कि, रर्बट लसन, प्याट्रिसिया म्याकलाक्लान, प्याट्रिसिया पोलाको, एलेन से, जोन सेस्का, लरा ईन्गाल्स वाईल्डर, अमेरिकन गर्ल सिरिज, डियर अमेरिका सिरिज ।

**रहस्य:** डेभिड एड्लर, गरट्रुड च्याण्डलर वार्नर, प्याट्रिसिया गिफ, बुस हेल, ई. डब्ल्यु. हिल्डिक, स्टिभन केलग, लुसिण्डा लेण्डन, प्याट रस, रोन रोय, सिमर सिमन, डोनाल्ड सोबोल, न्यान्सि ड्रिउ सिरिज, हार्डि ब्याय सिरिज,थर्ड ग्रेड डिटेक्टिभ सिरिज ।

**कविता**: आर्नोल्ड एडफ, फ्रान्सिस्को अलार्कन, सिड् फि्लसमन, एलोइज ग्रिनफिल्ड, ह्वान हेरेरा, लि हप्किन्स (कम्पाईलर), ई.जे. केनेडी, माईराकन लिभिन्गास्टन, जेफमोस, ज्याक प्रेलुट्स्की, सेल सिल्भरस्टाईन ।

**पुरस्कार जित्न सकिने पुस्तकहरुको खोजी गर्नुहोस् ।**

काल्डेकोट मेडल, कोरेटा स्कोट किङ्ग अवार्ड, मासाच्युसेट् चिल्ड्रेन बुक अवार्ड, न्युबेरी मेडल, नोटेबल साईन्स ट्रेड् बुक्स् फर योङ्ग रिडर्स, आउटस्टान्डिङ्ग साइन्स ट्रेड् बुक्स् फर स्टुडेन्टस् के-१२, पुरा बेल्प्रि अवार्ड, रोबर्ट एफ, सिबर्ट ईन्फरमेसन बुक मेडल ।

**वुस्टर पब्लिक स्कूलको समर रिडिङ्ग वेबसाईट** http://tinyurl.com/j8om7b2**बाट धैरै सुझावहरु प्राप्त गर्नुहोस् ।**

(Find more suggestions on the WPS Summer Reading Website: http://tinyurl.com/j8om7b2 )

वुस्टर पब्लिक स्कुल एउटा समान अवसर/सकारात्मक कार्य रोजगारदाता सँस्था हो र वर्ण, रङ्ग, लिङ्ग, उमेर, धर्म, राष्ट्रिय उत्पति, बैवाहिक अवस्था, योनिक अभिमुखिकरण, अपाङ्गता अथवा घरबारबिहिन आदिको कारणले भेदभाव गर्ने छैन । वुस्टर पब्लिक स्कुलले रोजगार तथा पूर्ण रुपमा साधारण तथा व्यावसायीक शैक्षिक कार्यक्रममा समान पहुँच दिन्छ । समान तथा सकारात्मक अवसर पहुँचमा विस्तृत जानकारीको लागि मानव संशोधन व्यवस्थापकलाई सम्पर्क गर्नुहोस् । वहाँलाई २० ईभिङ्ग स्ट्रिट, वुस्टर, मासाच्युसेट्स् ०१६०९ मा वा ५०८-७९९-३०२० मा फोन सम्पर्क गर्न सकिनेछ

*वुस्टर पब्लिक स्कूल*

**WORCESTER PUBLIC SCHOOLS**

# समर पढाई आवश्यकता
# Summer Reading Requirement



***कक्षा ३ र ४ मा प्रवेश गर्ने विद्यार्थीहरुको लागि ईस्वि सन् २०१६***

For Students Entering Grades 3 and 4

**2016**

WORCESTER
The City That Reads

***वेबसाइट:*** www.worcesterschools.org

## *चरण १: एउटा लक्ष्य निर्धारण गर्नुहोस् ।*

Step 1: Set a GOAL!

कक्षा ३ र ४ जाने विद्यार्थीहरुले ३ वटा किताबहरु (Three Books) वा ८०० पृष्ठ (800 pages)“समर” भरिमा पढ्नेछन् । विद्यार्थीहरुले उनिहरुको पढाईको साहसिकता देखाउन ३ वटा कृयाकलापहरु *(*Three activities) पनि सम्पन्न गर्नेछन् ।

*यो समयमा म पढ्छु* … (This summer I will read…)

## *चरण २: किताब छान्नुहोस्* !

Step 2: Choose a Book!

*म किताबहरु कहाँ पाउँन सक्छु* ? (Where can I find books?)

वुस्टर पब्लिक लाईब्रेरी, लिब्बी एण्ड लिली मोबाइल लाईब्रेरीज्, साथीहरुसंग किताब उधारो लिनुहोस् या सुझाव माग्नुहोस् ल!, समर कार्यक्रमहरु, किताब पसलहरु जस्तैः बार्नस् एण्ड नोबेल र एमाजन, गुडविल एण्ड साल्भृसेन आर्मी, अनलाईन किताबहरु, सि.डी.:एम्पिथ्री,

केही पढाई सुझावहरुको लागि पछाडी तर्फ पल्टाएर हेर्नुहोस् ।



## “*सुपर सेभेन*” (The Super 7)

*प्रभावकारी रुपमा पढाई गर्ने बानीहरु*

***सम्बन्ध बनाउनुहोस्*** (Make Connections): *पढ्दाखेरी म यो सोच्छु “यस्ले मलाई …को बारेमा सम्झाउँछ” ।*

***तस्विरहरु बनाउँनुहोस्*** (Create Images): *पढ्दाखेरी म मेरो दिमागमा …..को तस्विर बनाउँछु ।“*

***अनुमान् गर्नुहोस्*** (Infer): *किताबमा नभने तापनि मैले पढ्दा, “मलाई थाहा हुन्छ कि …”, “मलाई लाग्छ” अथवा “म अनुमान गर्दैछु कि…“ अथवा “मेरो भविष्यवाणी अनुसार …” ।*

***अर्थको लागि अनुगमन गर्नुहोस्*** (Monitor for Meaning): *मलाई पढेको बेला, दोधार पर्दा, ”म….गर्न सक्छु“ र “मलाई यहाँ भएको जानकारीको समिक्षा गर्न दिनुहोस् ।“*

***महत्व निर्धारण गर्नुहोस्*** (Determine Importance): *जब म पढ्छु, “म थाहा पाउँछु कि मैले भर्खरै पढेको विस्तृत् जानकारी महत्वपूर्ण छ, किनभने …”*

***महत्व शष्लेषण गर्नुहोस्*** (Synthesize): *जब म पढ्छु, म बस्तुहरु बीचको सम्बन्ध रहेको देख्छु र “मलाई थाहा छ यो ठूलो विचार हो किनभने…”*

***प्रश्न गर्नुहोस्*** (Questioning): *सम्बन्ध जब म पढ्छु, म आफैंलाई किताबको बारेमा प्रश्न गर्छु, जस्तै, म जान्न चाहन्छु किन …” अथवा म …विषयमा उत्सुक छु ।*

## **हेरौं र प्रतिकृया दिउँ** (Notice and Note)

बिसाउँनुहोस् र आफैलाई सोध्नुहोस्… *(*Stop and ask yourself…)

**भिन्नता र विवादास्पद (**Contrasts & Contradictions**):** बिसाउँ जब कुनै किताबको पात्रले तपाईंले सोचे बमोजिमको केही नभने वा नगरेमा “यो पात्रले किन यसप्रकारले कार्य गर्दैछ” भनेर सोध्नुहोस् । यसले तपाईंलाई विवाद र षडयन्त्र बारे अनुमान गर्न वा भविष्यवाणी गर्न मद्धत् गर्नेछ ।

**पटक-पटक** (Again & Again): कुनै शब्द, वाक्य, वस्तु या अवस्था पटक-पटक दोहोरिएको अवस्थामा “यो किन घरीघरी आइरहन्छ?” भनेर आफूलाई प्रश्न सोध्नुहोस् । यसले तपाईंलाई शिर्षक र विवाद बारे जानकारी गराउँछ या पछि हुने घटनाको पूर्ण चित्रण गरिदिन सक्छ ।

**सम्झनाको क्षण** (Memory Moment**):** पटक-पटक लेखकले कार्यमा अचानक बाधा पुर्‍याएर भुतपूर्वका घटनाहरुको सम्झनाको झझल्को देखाउँदा आफैंलाई साध्नुहोस, यो सस्मरणको झझल्को किन महत्वपूर्ण होलारु यस्ले तपाईंलाई विषय, विवाद र पछि हुने घटनाको पूर्ण चित्रण गराइदिन सक्छ ।

**ओहो! क्षण** (Aha Moment**):** जब पात्रले केही कुरा स्विकार्छ, बुझ्छ वा बल्ल केही पत्ता लगाउछ, त्यस्तो बखत् आफुलाई सोध्नुहोस्, “यस्ले गर्दा सबै कुरा कसरी बदलिन सक्छ?” पात्रले समस्याको हल निकाल्यो भने तपाईंले द्वन्द के रहेछ भन्ने कुरा थाहा पाउनु भयो । यदि पात्रले कुनै पाठ सिकेमा तपाईंले विषय थाहा पाउनु भयो ।

**बुद्धिमानी शब्दहरु** (Words of the Wiser**):** जब मुख्य पात्रलाई अन्य कुनै पात्रले सल्लाह सुझाव दिन्छ, आफुलाई प्रश्न सोध्नुहोस्, “यस्को पाठ के हो र यस्ले कसरी मुख्य पात्रमा प्रभाव पार्छ होला?” पाठमा जे कुरा भएतापनि तपाई.ले पक्कै विषय बस्तु थाहा पाउनुभयो ।

**कठीन प्रश्नहरु** (Tough Questions**):** जब पात्रले आफुलाई कुनै गाह्रो प्रश्न सोध्छ, त्यस्तो बखत् आफैंलाई सोध्नुहोस्, “यो प्रश्नले मलाई के सोच्न लगाउँन खोजिरहेको छ?” यस्ले तपाईंलाई कथामा भविष्यमा के हुन्छ भन्ने कुरा पत्ता लगाउँन मद्धत् गर्दछ ।

(किलिन बियर्सको “हेनुहोस् र टिप्पणी गर्नुहोस्” बाट साभार गरिएको)

## *पढ्नुहोस्, पढ्नुहोस् र पढ्नुहोस्* !

Step 3: Read, Read, READ!

आराम लिनुहोस्, राम्रो किताब पढेर आनन्द लिनुहोस् र रमाइलो गर्नुहोस्! लिनुहोस तपाईंको लक्ष्य प्राप्त गर्नृहोस्: म कहा पढ्न सक्छु? म कहिले पढ्न सक्छु? मलाई यो कथा बारे के मन पर्छ ? सम्झनुहोस्, यदि किताब एकदमै राम्रो भएमा साथीहरुलाई पनि पढ्नको लागि सिफारिस गर्नुहोस् ।

**प्रत्येक दिन कम्तिमा २० मिनेट पढ्नुहोस् !**

(Read at least 20 minutes every *day!)*



## *चरण ४:एउटा कृयाकलाप पुरा गर्नुहोस्* !

Step 4: Complete an Activity!

निम्न कृयाकलापहरु मध्ये ३ वटा (Three) पूरा गर्नुहोस् : छनौट तपाईंको हो र तपाईंलेभ जे पढ्नुभयो त्यस्लाई साथीहरुमाझ आदान-प्रदान गरी रमाइलो गर्नुहोस्!

– किताबमा तपाईंलाई मन परेको भाग देखाउनुहोस् ।
– किताबको बारेमा एउटा पोस्टकार्डको ढाँचा तयार गर्नुंहोस् ।
– पात्रको तस्विर बनाउनुहोस् ।
– पात्रलाई पत्र लेख्नुहोस् ।
– लेखकलाई पत्र लेख्नुहोस् ।
– पात्रको प्रयोग गर्दै एउटा लेख अथवा डायरी लेख्नुहोस् ।
– किताबको गाता निर्माण गर्नुहोस् ।

**धेरै विकल्पहरुको लागि वुस्टर पब्लिक स्कूलको “समर रिडिङ्ग” वेबसाईट** http://tinyurl.com/j8om7b2 **हेर्नुहोस् !** (Check out the WPS Summer Reading website for more options!



पढेको बखत् आफुलाई निम्न प्रश्नहरु सोध्न नबिर्सिनुहोला…

**को** (Who), **के** (What), **कहाँ** (Where), **कहिले** (When), **किन** (Why), र **कसरी** (How)

**मनाउँन तयार हुनुहोस् !**

Get Ready to CELEBRATE!

तपाईंले सम्मन्न गर्नुभएको कार्य तपाईंका नयाँ शिक्षक र कक्षाका साथीहरुसंग आदान-प्रदान गर्न स्कूल लाग्ने पहिलो दिन नबिर्सि ल्याउँनु होला !